# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।११ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला धनुषा, कमला नगरपालिकाको लग्मा बजार स्थित पोखरीको डिलमा माटो पुर्ने तथा घाट निर्माण गर्ने कार्यमा न्यूनतम कबोल गर्ने फर्मसँग सम्झौता नगरी दोस्रो प्रस्ताव दातासँग मिलेमतोमा सम्झौता गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आ.ब. २०७६/०७७ मा जिल्ला धनुषा, कमला नगरपालिका, वडा नं. ३ स्थित लग्मा बजार नजिकको पोखरीको डिलमा माटो पुर्ने र घाट निर्माण सहित सौन्दर्यकरण गर्ने आयोजनाको लागि मूल्य अभिबृद्धि कर सहित रू.७५,००,०००।- को लागत अनुमान स्वीकृत गरी मिति २०७६।१२।१८ गते राष्ट्रिय स्तरको बोलपत्र (IFB No. KM/Works/03/076-77) मार्फत उक्त निर्माण कार्यको लागि प्रस्ताव आह्वान गरेको, मिति २०७७।०१।२३ गते खरिद मूल्याङ्कन समितिको बैठकले सबै भन्दा कम कबोल गर्ने बोलपत्रदाता सेट स्क्वायर कन्सट्रक्सन प्रा.लि.ले कवोल गरेको अंक रु.४२,७४,५५१।७१ र ईन्फ्रास्ट्रक्चर एस एण्ड बि विल्डर्स प्रा.लि.ले कवोल गरेको अंक रु.७२,२१,७३०।०७ रहेको देखिएकोमा उक्त मूल्याङ्कन समितिको बैठकबाट सबैभन्दा कम कबोल गर्ने सेट स्क्वायर कन्सट्रक्सन प्रा.लि., राजविराज-४, सप्तरीको मूल्य अभिवृद्धि कर सहित रू.४२,७४,५५१।७१ बरावरको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भनी सिफारिस गरेको, सो सिफारिस बमोजिम खरिद प्रकृया अघि नबढाई निमित्त कार्यालय प्रमुखले कार्यपालिका बैठकमा लगि पदाधिकारीलाईसमेत जानी बुझी निर्णयमा सहभागी गराएको, सेट स्क्वायर कन्सट्रक्सन प्रा.लि., राजविराज-४, सप्तरीले नियमानुसार सम्झौता गर्ने गरी मिति २०७७।०२।१४ को सम्झौता गरी पाउँ भन्ने व्यहोराको निवेदन पत्र, रु.६,४८,०००।—बराबरको नेपाल बङ्गलादेश (हाल नबिल बैंक) बाट जारी जमानत (Performance Bond) कागज सहित कमला नगरपालिकामा निवेदन पेश गरेको देखिएकोमा उक्त सम्झौताको लागि सेट स्क्वायर कन्सट्रक्सन प्रा.लि ले पेश गरेको निवेदन र बैङ्क जमानत लगायतको कागजात बिबरण **कमला नगरपालिकाका राष्ट्रसेवक प्रतिवादीहरुले बदनियत राखि लुकाई छिपाई नष्ट गरे गराएकोमा** उक्त सेट स्क्वायर कन्सट्रक्सन प्रा.लि को सम्झौता गर्ने व्यहोराको पत्र अनुसन्धानको क्रममा आ.ब. २०७८/०७९ को महालेखापरीक्षकको कार्यालयको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिएको, साथै श्री नबिल बैंक लि., भानुचोक शाखा, (तत्कालीन नेपाल बङ्गलादेश बैक) जनकपुरबाट प्राप्त पर्फमेन्स बन्ड सम्बन्धी विवरणमा सेट स्क्वायर कन्सट्रक्सन प्रा.लि., राजविराज-४, सप्तरीको निवेदनमा कमला नगरपालिका नगरकार्यपालिकाको कार्यालय, धनुषा हितग्राही रहने गरी बैक जमानत नं. NB:006:PB:00194/20 को रू.६,४८,०००।- बराबरको बैंक जमानत (Performance Bond) इ.सं. २७/०५/२०२० मा जारी भएको भनी खुलाएको देखिएको, कमला नगरपालिकाका नगर प्रमुख **राम उदगार गोइत**समेतका राष्ट्रसेवकहरु र ईन्फ्रास्ट्रक्चर एस एण्ड बि विल्डर्स प्रा.लि.**का अध्यक्ष संतोष कुमार यादवसमेतले आपसी मिलेमतो तथा योजनामा सबै भन्दा घटी अंक कबोल गर्ने बोलपत्रदाता** सेट स्क्वायर कन्सट्रक्सन प्रा.लि.लाई कालोसूचीमा नराखी केवल विड बोण्ड (Bid Bond) मात्र जफत गर्ने भनी ललाई फकाई प्रभावमा परी, सम्झौता नगर्ने व्यहोराको निवेदन लेख्न लगाई, निजको

कम्पनीलाई कालोसूचिमा सिफारिस नगर्ने शर्तमा सम्झौता नगर्ने बेहोराको निवेदन कमला नगरापालिकामा पेश गरे गराएको देखिएको, प्रतिवादीहरुको मिलेमतो तथा पूर्व योजना बमोजिम सेट स्क्वायर कन्सट्रक्सन प्रा.लि., राजविराज-४, सप्तरीले कवोल गरेको अंक ४२,७४,५५१।७१ ठेक्का नदिई ईन्फ्रास्ट्रक्चर एस एण्ड बि विल्डर्स प्रा.लि ले कवोल गरेको अंक रु.७२,२१,७३०।०७ मा सम्झौता गरी प्रतिवादीहरुले जम्मा रु.२९,४४,१३७।२९ रकम आफूहरुलाई गैरकानूनी लाभ र सार्वजनिक संस्थालाई हिनामिना हानीनोक्सानी गर्ने बदनियतले सेट स्क्वायर कन्सट्रक्सन प्रा.लि सँग भएको मौखिक शर्त सम्झौता बमोजिम कालोसूचीमा नराखी Bid Bond मात्र जफत गर्ने गरी निर्णय गर्न गराउन कमला नगरपालिका, धनुषाका नगरप्रमुख राम उदगार गोईतको अध्यक्षतामा बसेको मिति २०७७।०२।१५ को नगरकार्यपालिकाको बैठकको निर्णयमा उक्त फर्मको विड सेक्युरिटी जमानत जफत गरी दोस्रो घटीवाला फर्म ईन्फ्रास्ट्रक्चर एस. एण्ड. बि. बिल्डर्स प्रा.लि.,जनकपुर -४, धनुषासँग सम्झौता गरी कार्य अघि बढाउने निर्णय गरे गराएको देखिएको,

नगर प्रमुख लगायतका प्रतिवादीहरुको पूर्व योजना बमोजिमनै उक्त दोस्रो घटीवाला फर्म ईन्फ्रास्ट्रक्चर एस. एण्ड. बि. बिल्डर्स प्रा.लि.,जनकपुर -४, धनुषासँग सम्झौता गरी कार्य अघि बढाउने निर्णय गरे गराएको निर्णय भएको भोलिपल्टै मिति २०७७/०२/१६ गते कमला नगरपालिकाको पत्रबाट श्री नेपाल बंगलादेश बैंक, शाखा कार्यालय, जनकपुरलाई सेट स्क्वायर कन्सट्रक्सन प्रा.लि., राजविराज-४, को विड वण्ड **फुकुवाको लागि** लेखी पठाएको देखिएको र सोवापत रकम बैंक दाखिला गराएको, साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ लगायतको प्रचलित कानून विपरित प्रतिवादीहरुले बदनियत राखि सम्झौता नगर्ने सेट स्क्वायर कन्सट्रक्सन प्रा.लि.,राजविराज-४, सप्तरीलाई कालोसूचिमा सिफारिस गर्ने लगायतका कारबाही गर्ने प्रक्रिया गरे गराएको नदेखिएको, मिति २०७७/०२/१८ गते दोस्रो घटी कबोल गर्ने श्री इन्फ्रास्ट्रक्चर एस. एण्ड विल्डर्स प्रा.लि.,जनकपुर-४ धनुषाको नाममा सम्झौता गर्न आउनु भनी पत्रबाट १५ दिनको म्याद दिई पत्राचार गरे गराएको, उक्त कार्यको लागि कर सहित रू.७२,२१,७३०।०७ को रकममा मिति २०७७।०२।२१ गते श्री इन्फ्रास्ट्रक्चर एस. एण्ड विल्डर्स प्रा.लि., जनकपुर-४ धनुषाका प्रतिनिधि र कमला नगरपालिका, धनुषासँग सम्झौता गरेको देखिएकोमा सोही बमोजिम रु.७२,१८,६८०।- भुक्तानी भौचर पेश एवं स्वीकृत गरी भुक्तानी दिएको दिन लगाएको तथ्य स्थापित भएकोले प्रतिवादीहरुको मिलेमतो तथा योजनामा आफूहरुलाई गैरकानूनी लाभ र नेपाल सरकार/प्रदेश सरकार/कमला नगरपालिकालाई हानीनोक्सानी पुऱ्याउने बदनियतले जिल्ला धनुषा, कमला नगरपालिका, वडा नं. ३ स्थित लग्मा बजार नजिकको पोखरीको डिलमा माटो पुर्ने र घाट निर्माण सहित सौन्दर्यकरण गर्ने आयोजनाको निर्माण कार्यको लागि बोलपत्रदाता सेट स्क्वायर कन्सट्रक्सन प्रा.लि., राजविराज-४, सप्तरीले कवोल गरेको अंक ४२,७४,५५१।७१ ठेक्का नदिई नदिलाई ईन्फ्रास्ट्रक्चर एस एण्ड बि विल्डर्स प्रा.लि.ले कवोल गरेको अंक रु.७२,२१,७३०।०७ मा सम्झौता गरी गराई रु.७२,१८,६८०।- भुक्तानीसमेत दिई दिन लगाई जम्मा बिगो रु.२९,४४,१३७।२९ रकम राष्ट्रसेवक प्रतिवादीहरु कमला नगरपालिकाका नगर प्रमुख **राम उदगार गोइत,** कार्यापालिका सदस्यहरु **धनेश्वर यादव**, **धर्मनाथ मण्डल**, **पल्टु कवारी**, **विनोद राम**, **समसुल मिया मोमिन,** निमित्त प्रमुख प्रशासकीय अधिकृत **वीरेन्द्र कुमार सढान**, **लेखापाल संजिव कुमार महतो**, जिन्सी शाखा प्रमुख **जुगल किशोर यादवले** आफ्नो पद ओहोदाको दुरुपयोग गरी गराई आफ्नो जिम्मा रहेको सरकारी सार्वजनिक सम्पत्ति हिनामिना हानिनोक्सानी तथा दुरुपयोग गरेको हुँदा निज प्रतिवादीहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्य भएकोले देहाय बमोजिमका प्रतिवादीहरुलाई देहाय बमोजिमको सजाय हुन मागदावी लिई मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | जिल्ला धनुषा, कमला नगरपालिकाका **तत्कालीन नगर प्रमुख राम उदगार गोइत** | रू.२९,४४,१३७।२९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएको हुँदा बिगो रु. उनान्तीस लाख चौवालिस हजार एकसय सैंतीस रूपैया उनान्तीस पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूलउपर हुन एवं निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ (भ्रष्टाचारको कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका उल्लेखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ। |
| २. | जिल्ला धनुषा, कमला नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **वीरेन्द्र कुमार सढान**, लेखापाल (पाँचौ) **संजिव कुमार महतो** र जिन्सी शाखा प्रमुख **जुगल किशोर यादव** | जनही रू.२९,४४,१३७।२९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएको हुँदा बिगो रु. उनान्तीस लाख चौवालीस हजार एक सय सैंतीस रूपैया उनान्तीस पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | कमला नगरपालिका धनुषाका तत्कालीन कार्यपालिका सदस्यहरु **धनेश्वर यादव, धर्मनाथ मण्डल, पल्टु कवारी, विनोद राम र समसुल मिया मोमिन** | रू.२९,४४,१३७।२९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएको हुँदा बिगो रु. उनान्तीस लाख चौवालीस हजार एकसय सैंतीस रूपैया उनान्तीस पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | **Infrastructure S & B Builders Pvt. Ltd. Janakpur-4 Dhanusha** र उक्त कम्पनीका **अध्यक्ष** | रू.२९,४४,१३७।२९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ |

| | | | |
|---|---|---|---|
| | **संतोष कुमार यादव** | | बमोजिमको कसूरमा बिगो रु. उनान्तीस लाख चौवालीस हजार एकसय सैंतीस रूपैया उनान्तीस पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असुल उपर हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल